# नेपालगञ्ज उप-महानगरपालिका

**नेपालगञ्ज उप-महानगरपालिकाको चालू आ.व.२०७३ / ०७४ का लागि स्वीकृत बालवालिका लक्षित कार्यक्रम अन्तर्गत् नेपालगञ्ज उ.म.न.पा.को वडा नं. १ देखि २८ सम्मका सवै घरधूरीमा गै बालवालिका र सो संग सम्बन्धित विषयमा तथ्याङ्क संकलन, विश्लेषण मार्फत् बालवालिकाको प्रोफाईल तथा स्थितिपत्र प्रकाशनार्थ प्रस्ताव पेश गर्ने सेवा प्रदायक संस्थाहरुका लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त (TOR)**

## १. पृष्ठभूमि :

बालमैत्री स्थानीय शासनका समग्र पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिताको प्रवर्द्धन गरी स्थानीय तहमा सुशासन अभिवृद्धि गर्नका लागि नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयद्धारा बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ जारी गरि सो अनुरुपका कार्यहरु स्थानीयस्तरमा प्रभावकारी रुपमा संचालन भैरहेका छन् । बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि(CRC), १९८९ को अवधारणा, नेपालको संविधान, २०७२ मा भएको बालअधिकार सम्बन्धी व्यवस्था, नेपालको त्रि-वर्षीय अन्तरिम योजना, बालबालिका सम्बन्धी ऐन, २०४८ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले बालबालिकाको पक्षमा नीतिगत एवं काननी प्रावधान राखी बाल अधिकारको समग्र पक्षमा वकालत गरेका छन् । यसै सन्दर्भमा नेपालगञ्ज उप-महानगरपालिकाले नेपालगञ्जलाई बालमैत्री नगरपालिका घोषणा गर्ने नीति लिए अनुरुप विगत ५/६ बर्ष देखि नै बालवालिका क्षेत्रका योजना तर्जुमा गर्दा उनीहरुकै सहभागिता एवं संलग्नतामा बालभेला मार्फत् कार्यक्रम तर्जुमा तथा कार्यान्वयन भैरहेका छन् ।

नेपालगञ्ज उप-महानगरपालिकाले संचालन गरेको बालमैत्री स्थानीय शासन कार्यक्रम अन्तर्गत् चालू आ.ब. २०७३/०७४ मा बालबालिकाको प्रोफाईल(Children Profile) तयार गरि स्थितिपत्र प्रकाशनका लागि उ.म.न.पा.मा सिफारिस गर्न ईच्छुक तथा योग्य गैर सरकारी संस्था, कम्पनी/कन्सल्टेन्सी तथा फर्म(हरु)लाई प्रारम्भिक आशय र प्रस्ताव मूल्याङ्कन विधिद्धारा सेवा प्रदायक छनौट गरी कार्यान्वयन गर्न देहाय बमोजिम कार्यक्षेत्रगत शर्त(TOR) तोकेको छ ।

## २. प्रयोजन तथा उद्देश्य :

प्रस्तावित कार्यक्षेत्र शर्तको मुख्य उद्देश्य नेपालगञ्ज उप-महानगरपालिकाका २८ वटै वडामा घर धुरी सर्वेक्षण विधिद्धारा बालबालिकाको तथ्याङ्क संकलन गरी विश्लेषण मार्फत् बालवालिकाको प्रोफाईल तथा स्थिति पत्र तयार गरी नेपालगञ्ज उप-महानगरपालिका कार्यालयमा सिफारिस गर्ने रहेको छ । छनौट भएको साझेदार सँस्थाले नेपालगञ्ज उपमहानगरपालिका सँगको सहकार्यमा बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ मा ब्यवस्था भएको विधि-प्रक्रिया तथा सुझाव बमोजिम कार्य सम्पादन गर्नुपर्नेछ । जस अन्तरगत निम्नानुसारका कार्यहरु मुख्य-मुख्य सम्भागका रुपमा रहनेछन् :

- सर्वेक्षणका लागि प्रश्नावलीको अध्ययन तथा पुनरावलोकन (घरधुरी सर्वेक्षण फारमको नमूना बालमैत्री स्थानीय शासन कार्यविधि, २०६८ को अनुसुची २ लाई आधारमानी परिमार्जन गर्नुपर्नेछ ।)
- घरधुरी सर्वेक्षण
- संकलित तथ्याङ्कलाई कम्प्यूटरमा प्रविष्टी

- तथ्याङ्क विश्लेषण
- बालबालिकाको प्रोफाईल तयार गर्ने र सो का आधारमा बालवालिकाको स्थिति पत्र तयार गरी र नेपालगञ्ज उप-महानगरपालिका कार्यालयमा प्रकाशनका लागि सिफारिस सहित पेश गर्ने ।

**३. कार्यक्षेत्र :**

नेपालगञ्ज उपमहानगरपालिकाको वडा नं. १ देखि २८ सम्म (सबै वडाहरु) ।

**४. समयावधी :**

उ.म.न.पा.ले प्रस्तावित कार्यका लागि सेवा प्रदायक सँस्था छनौट गरी २०७३ पौष मसान्त भित्र सम्झौता गर्नेछ र सो पश्चात् छनौट भएका संस्थाद्धारा कार्य आरम्भ गरी २०७४ जेष्ठ मसाान्त सम्म सम्पन्न गरी नेपालगंज उपमहानगरपालिकाको कार्यालयमा पेश गरिसक्नुपर्नेछ ।

**५. साझेदार सँस्थाको दायित्व, जिम्मेवारी तथा क्षमता**

**५.१ सेवा क्षेत्रः**

सेवा प्रदायक संस्थाले नेपालगंज उप-महानगरपालिकाकासँगको निकट समन्वयमा रहि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ लाई आत्मसात गरी घरधूरी सर्वेक्षण मार्फत् तथ्याङ्क संकलनका लागि प्रश्नावलीलाई अन्तिमरुप दिई सो बमोजिम तथ्याङ्क विश्लेषण, प्रस्तुति तथा छलफल विधिद्धारा बालबालिकाको प्रोफाईल तथा स्थिति पत्र तयार गरी प्रकाशनका लागि नेपालगञ्ज उपमहानगरपालिकामा पेश गर्ने कार्य सेवा प्रदायक संस्थाको मूख्य जिम्मेवारी हुनेछ ।

**५.२ साझेदार सँस्थाको क्षमता तथा अनुभव**

प्रस्तावित कार्यका लागि छनौट हुने सेवा प्रदायक संस्था (गैसस/कम्पनी/कन्सल्टेन्सी वा फर्म) सम्बन्धित क्षेत्रमा काम गरेको ख्यातीप्राप्त, अनुभवी, विधिवत रुपमा दर्ता भएको तथा सरकारी/गैऱ सरकारी वा सहयोगी निकायहरुसँगको साझेदारीमा अध्ययन, अनुसन्धान तथा सामाजिक विकासका क्षेत्रमा कार्यानुभव भएको तथा प्रस्तावित कार्य सम्पादन गर्नको लागि योग्य तथा अनुभवी मानविय श्रोत भएको हुनुपर्नेछ (प्रस्ताव पत्र साथ सँस्थागत अनुभव तथा टिम लिडर र अन्य मुख्य-मुख्य जनशक्तिको वायोडाटाहरु संलग्न गर्नुपर्नेछ) ।

**५.३ सेवा सम्पादनको विधि, प्रक्रिया र साझेदार संस्थाको भूमिका**

- कार्यक्षेत्र शर्तको अधिनमा रहि प्राविधिक तथा आर्थिक प्रस्ताव तयार गरि पेश गर्ने,
- बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ मा भएको व्यवस्था अनुसार प्रश्नावली तयारी तथा परिमार्जन गर्नुका साथै नेपालगंज उपमहानगरपालिका सँग समन्वय गरी प्रस्तावित कार्यको कार्ययोजना निर्माण गर्ने,
- प्रस्तावित कार्यका लागि कार्यान्वयन टोली निर्धारण गरी कार्य विभाजन सहितको विवरण नेपालगञ्ज उपमहानगरपालिकामा पेश गर्ने,
- साझेदार संस्थाले नेपालगञ्ज उप-महानगरपालिकाका वडा समिति कार्यालयहरु, स्थानीय वडा नागरिक मञ्च, बालक्लब लगायत अन्य सम्बद्ध सरोकारवालाहरुसँग समन्वय तथा अन्तरक्रिया गरी क्रियाकलापहरु संचालन गर्ने,
- समय-समयमा प्रगति अवस्थाका वारेमा बालबालिका क्षेत्रका सरोकारवालाहरुमाझ प्रस्तुति गर्ने र प्राप्त सुझाव अनुरुप कार्यान्वयन गर्दै जाने,
- नेपालगञ्ज उपमहानगरपालिकाका सबै २८ वटै वडाहरुमा घरधुरी सर्वेक्षण गरी तोकिएको ढाँचामा बालबालिकाहरुको विवरण संकलन गरि प्रोफाईल तयार गर्ने,
- संकलित विवरणहरुलाई कम्प्यूटरमा प्रविष्टि गरी तथ्याङ्क विष्लेषण तथा पुनरावलोकन गर्ने,

- बालबालिकाको स्थिति पत्र तयार गरी नेपालगंज उप-महानगरपालिका तथा अन्य सम्बद्ध सरोकारवाहरुमाझ प्रस्तुत गरी आवस्यक सल्लाह सुझाव तथा प्रतिक्रिया सँकलन गर्ने,
- प्राप्त सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सम्बोधन गरी नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रका बालबालिकाको स्थिति पत्र तयार गरी नेपालगञ्ज उप-महानगरपालिकाको कार्यालयमा प्रकाशनका लागि सिफारिस गर्ने ।
- तोकिएका सम्पूर्ण कार्यहरु सम्पादन भईसके पश्चात सार्वजनिक परिक्षण गराई सोको प्रतिवेदन सहित कार्यक्रम सम्पन्न प्रतिवेदन नेपालगञ्ज उप-महानगरपालिकाको कार्यालयमा पेश गर्ने ।

## ५.४ नेपालगञ्ज उप-महानगरपालिकाको भूमिका

- बालबालिकाको स्थिती पत्र तयारीको क्रममा घरधुरी सर्वेक्षण, प्रश्नावली विधि प्रक्रिया आदीका लागि आवश्यक सामाग्रीहरु (बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, विगतमा तयार भएका बालबालिका सम्बन्धि सन्दर्भ सामाग्रीहरु उपलब्ध गराई सहजीकरण गर्ने,
- कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण कार्ययोजना निर्माण गरी कार्यान्वयनमा सहयोग गर्ने,
- घरधुरी सर्वेक्षण तथा बालबालिका सम्बन्धि जानकारीहरु संकलन गर्ने क्रममा स्थानीय सरोकारवालाहरु संग समन्वय तथा सहकार्यका लागि सहजीकरण गर्ने,
- बालबालिकाको प्रोफाईल तथा स्थिति पत्रमा आवश्यक सल्लाह सुझाव तथा प्रतिक्रिया संकलनका लागि आयोजना हुने बैठक, भेला तथा कार्यशाला गोष्ठीका लागि आवश्यक पत्राचार तथा समन्वय गर्ने,

## ६. कार्यक्रमको बजेट व्यवस्थापन

प्रस्तावित कार्य सम्पादनका लागि उपमहानगरपालिका तथा साझेदार सँस्थाको लागत साझेदारीमा कार्य सम्पादनलाई थप प्रभावकारी बनाईनेछ । साथै कार्यक्रमको सम्झौता सम्पन्न भै कार्य प्रगतिका आधारमा भुक्तानी दिइनेछ । पेश्की उपलब्ध हुनेछैन ।

## ७. प्रस्ताव पेश गर्दा समेटिनुपर्ने विषय तथा क्षेत्र

### ७.१सँस्थागत परिचय तथा अनुभव :

क. संक्षिप्त परिचय

ख. संस्थागत अनुभव र क्षमता

ग. आवश्यक जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव

घ. संस्थाको विषयगत क्षेत्रको अनुभव

ङ. अनुसन्धानदाताको शैक्षिक योग्यता र अनुभव

### ७.२ प्रस्तावित कार्यक्रमको विवरण :

(क) कार्यक्रमको पृष्ठभूमी (ख) उद्देश्य (ग) कार्यक्षेत्र (घ) कार्यक्रमको नाम, सँचालन गर्ने विधि तथा प्रक्रिया (ङ.) समन्वय तथा सहकार्यको स्पष्टता (च) सँस्थाको साझेदारी (छ) संस्थाको विधानमा भएको उद्धेश्य र प्रस्तावित कार्यक्रम विच तादाम्यता (छ) अनुगमन तथा मूल्याङ्कन (ज) कार्ययोजना (झ) प्रतिवेदन प्रक्रिया (ञ) सार्वजनिक परिक्षण ।

## ८. प्रस्ताव छनौटका आधारहरुः

**प्रस्ताव छनौटका आधारहरुः**

**१. प्रारम्भिक आशय छनौट**

सूचनामा उल्लेखित शर्त तथा सो विषय संग सम्बन्धित सम्पूर्ण कागजातहरु प्रारम्भिक आशय छनौटका लागि अनिवार्य छन् ।

२. **प्रस्ताव मूल्याङ्कनका आधारहरुः**

(क) संस्थाकोछोटो परिचय (ख) संस्थागत अनुभव र क्षमता (ग) मूख्य-मूख्य जनशक्तिको शैक्षिक योग्यता र कार्य अनुभव (घ) कार्यसम्पादन गर्ने तरिका र कार्यक्षेत्रगत शर्तप्रतिको प्रभावग्राहिता (ङ.) संस्थाको व्यवस्थापकिय क्षमता (च) कार्यालय भवन तथा भौतिक सामाग्री ।

**३. प्राविधिक तथा आर्थिक प्रस्तावः** माथि उल्लेखित विषय ध्यानमा राखि प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग नगरि एकैसाथ पेश गर्नुपर्नेछ । साथै प्रस्तावको प्रत्येक पानामा अनिवार्य रुपमा प्रमाणित गर्नेको दस्तखत र छाप लागेको हुनुपर्नेछ ।

**४. प्रस्ताव मूल्यांकन गर्ने तरिका :**
प्रस्तावनाको अंक भार १०० कायम गरिएको छ । प्राविधिक प्रस्तावको अंक ८० र  आर्थिक प्रस्तावको अंक २० कायम गरिएको छ । प्राप्त प्रस्तावहरुको मूल्यांकन गुणस्तर र लागत विधि अनुसार गरिने छ ।

**५.अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु :-**
सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य भएकोले ती शर्तहरु पूरा गरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।

**पुनश्चः***छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्नमा भने वाधा पर्ने छैन ।*

**नोट :** *प्रस्तुत शिर्षक अन्तर्गत् रही प्रस्तावदाताले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ ।*